☎ ०२६ ४०४१९९

# छथर जोरपाटी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### पशुपंन्छि शाखा
च.नं. ६६५/०७६/७७
जोरपाटी, धनकुटा,१नं. प्रदेश,नेपाल

**पशु उत्पादन गाई भैसी पालन फार्म, वंगुर फार्म, वाखा फार्म प्रवर्द्धन सम्वन्धी यूवा लक्षित कार्यक्रमको प्रस्ताव आह्वानको सूचना**

प्रथम पटक प्रकाशित मिति : २०७६।०९।१५

यस कार्यालयको आ.व. ०७६/०७७ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार युवाहरुलाई पशु उत्पादन (व्यवसायिक गाई भैसी पालन/वंगुर/वाखा प्रवर्द्धन/पशुपंछि वजार प्रवर्द्धन सम्वन्धि कार्यक्रमको माध्यमवाट स्वरोजगार प्रवर्द्धन गर्ने कार्यक्रम रहेको हुदा ईच्छुक १८ देखी ५० वर्ष उमेरका अर्ध वेरोजगार युवाहरुवाट सिलवन्दी प्रस्ताव आह्वानका लागि यो सुचना प्रकाशित गरिएको छ । प्रस्तावक युवा साझेदारी फार्महरुले सम्वन्धित सरकारी निकाय वाट विगत २ आर्थिक वर्ष सम्म समान प्रकृतीका नगद वा वस्तुगत अनुदान सहयोग लिई सकेका भए सोही प्रकृतिका अनुदान कार्यक्रममा समावेश हुनु पाउने छैनन । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३०औं दिनको १२.०० वजेभित्र तोकीएको ढाँचा अनुसारको आवेदन फारम सम्वन्धित शाखामा राजस्व वापत रु.१०००। को रसिद काटी दरखास्त पेश गर्नुपर्नेछ । म्याद नाघी वा रितपुर्वक दर्ता नगरिएका प्रस्तावहरु माथि कुनै कार्यावाही गरिने छैन । प्राप्त प्रस्तावहरुलाई पशुपंन्छि शाखा अर्न्तगत संचालित युवालक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७४ मा उल्लेख भएको मुल्याङ्कनका आधारहरुमा मूल्याङ्कन गरी प्रतिस्पर्धात्मक पद्धतिद्धारा सम्वन्धित स्तरका फार्महरुलाई पशुपंन्छि शाखाको स्वीकृत वजेट परिधिभित्र रही अनुदान रकम उपलब्ध गराईने व्यहोरा जानाकारी गराइन्छ । पुनस्च: कार्यविधिमा उल्लेख भए मुताविकको आवेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्नुहुन समेत यसै सुचना द्धारा सुचित गरीन्छ ।

**तपसिल :**

१. अनुसुची २ अनुसारको आवेदन फाराम ।
२. अनुसुची ३ अनुसारको संक्षिप्त कार्य योजना ।
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।
४. सम्वन्धित वडा कार्यालयको सिफारीस पत्र ।
४. अन्य प्रमाणित प्रमाण पत्रहरु (फार्म दर्ता, कर चुक्ता, सम्वन्धित विषयको तालिम, शैक्षिक योग्यता, भाडाका जग्गा भए भाडाको सम्झौता पत्र आदि) प्रतिलिपिहरु ।

**संचालनहुने कार्यक्रम विवरण :**

| क्र.सं. | विवरण | लक्ष (संख्या) फार्म | | | कैफियत |
|---|---|---|---|---|---|
| | | साना | मझौला | ठुला | |
| १ | व्यवसायीक गाई/भैसी फार्म प्रवर्द्धन अनुदान कार्यक्रम | ३ | ३ | ० | |
| २ | व्यवसायीक वंगुर फार्म प्रवर्द्धन अनुदान कार्यक्रम | २ | १ | ० | |
| ३ | व्यवसायीक वाखा फार्म प्रवर्द्धन अनुदान कार्यक्रम | २ | १ | ० | |
| ४ | मासु पसल निमार्ण सुधार अनुदान कार्यक्रम | ० | २ | | |

विस्तृत जानाकारीको लागी छथर जोरपाटी गाउँपालिकाको कार्यालय, पशुपंन्छि शाखा वा गाउँपालिकाको Website: chhatharjorpatiumn.gov.np हेर्नुहुन वा फोन नं. ०२६४०४१९९ मा समपर्क गर्नुहुन अनुरोध छ ।

२०७६।९।१५
प्रमुख प्रशासकीय अधिकृत

☎ ०२६ ४०४१९९

# छथर जोरपाटी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### पशुपंन्छि शाखा
जोरपाटी, धनकुटा,१नं.प्रदेश,नेपाल

## प्रस्ताव आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७६।०९।१६**

यस कार्यालयको आ.व. ०७६/०७७ को वार्षिक स्वीकृत तपसिल वमोजिम कार्यक्रमहरुमा ईच्छुक समुह, समिति, सहकारी, निजि फार्महरुवाट प्रस्ताव आह्वानका लागि यो सूचना प्रकाशित गरिएको छ । प्रस्तावक साझेदार समुह, समिति, सहकारी, निजि फार्महरुले सम्वन्धित सरकारी निकायवाट विगत २ आर्थिक वर्ष सम्म समान प्रकृतीका नगद वा वस्तुगत अनुदान सहयोग लिई सकेका भए सोही प्रकृतिका अनुदान कार्यक्रममा समावेश हुनु पाउने छैनन । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३०औं दिनको १२.०० वजेभित्र तोकीएको ढाँचा अनुसारको आवेदन फारम सम्वन्धित शाखामा राजस्व वापत रु.३००। को रसिद काटी दरखास्त पेश गर्नुपर्नेछ । म्याद नाघी वा रितपुर्वक दर्ता नगरिएका प्रस्तावहरु माथि कुनै कार्यावाही गरिने छैन । प्राप्त प्रस्तावहरुलाई पशुपंन्छि शाखा अर्न्तगत संञ्चालित स्थानिय तह कृषि तथा पशुपंन्छि मत्स्य प्रसार कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५, मा उल्लेख भएको मुल्याङ्कनका आधारमा मूल्याङ्कन गरी प्रतिस्पर्धात्मक पद्धतिद्धारा स्वीकृत वजेट परिधिभित्र रही उपलब्ध गराईने व्यहोरा जानाकारी गराइन्छ । पुनस्च: आवेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्नुहुन समेत यसै सूचना द्धारा सूचित गरीन्छ ।

**तपसिल :**

१. रु १० को टिकट साथ आवेदन फाराम ।

२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी ।

३. समुह, समिति, सहकारी, फार्म दर्ता, स्थायी लेखा नं., कर चुक्ता प्रमाण पत्र आदिका प्रतिलिपीहरु ।

**संचालनहुने कार्यक्रम विवरण :**

| क.सं. | कार्यक्रम | अधिकतम अनुदान रकम | लक्ष ( संख्या) | कैफियत |
|---|---|---|---|---|
| १ | साझेदारीमा वोयर वोका वितरण कार्यक्रम (५०% अनुदान) | ५० % वा १ लाख प्रति गोट्टा | ६ (छ) थान | ९० देखि १०० प्रतिशत शुद्ध नश्ल भएको |
| २ | साना मेसिनरी औजार उपकरण अनुदान वितरण | | | |
| | क) वडी जो क्यस्टेटर मिडियम (Burdizzo Castrator) | ७५% वा १०५०० प्रति थान | ६(छ) थान | |
| | ख) डिभिकर मेसिन (Chicken Debeaking Machine Electric) | ७५% वा ३२,००० प्रति थान | १(एक) थान | |
| | ग) पिक होल्डर (Pig holder) | ७५% वा ७५०० प्रति थान | ६(छ) थान | |
| | घ) दाना मिक्चर ग्लण्डर (Feed Mixture grinder machine) | ७५% वा ३०,००० प्रति थान | १(एक) थान | |
| | ङ) ग्रास कटर (Grass Cutter machine ) | ७५% वा ३०,००० प्रति थान | १(एक) थान | |

विस्तृत जानाकारीको लागी छथर जोरपाटी गाउँपालिकाको कार्यालय, पशुपंन्छि शाखा वा गाउँपालिकाको Website: http://chhatharjorpatimun.gov.np/ हेर्नुहुन वा फोन नं. ०२६४०४१९९ मा सम्पर्क गर्नुहुन अनुरोधछ ।

प्रमुख प्रशासकीय अधिकृत

☎ ०२६ ४०४१९९

# छथर जोरपाटी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### पशुपंन्छि शाखा

जोरपाटी, धनकुटा,१नं.प्रदेश,नेपाल

**मत्स्यपालन पोखरी निमार्ण तथा माछा भुरा अनुदान वितरण कार्यक्रमको प्रस्ताव आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७६।०९।१६**

यस कार्यालयको आ.व.०७६/७७ को वार्षिक स्वीकृत कार्यक्रम मत्स्यपालन पोखरी निमार्ण तथा माछा भुरा वितरण कार्यक्रम को माध्यमवाट स्वरोजगार तथा माछापालन व्यवसायलाई थप प्रोत्साहन सहित वेरोजगार युवा जनशक्तीलाई स्वरोजगार सृजना गर्ने, माछा आयतलाई न्यूनीकरण गरी उत्पादनमा आत्मनिर्भर भई राष्ट्रिय अर्थतन्त्रलाई थप वलियो वनाउने उद्देश्यका साथ नयाँ मत्स्य पोखरी निर्माण तथा माछा भुरा अनुदान वितरण कार्यक्रम रहेको हुदा ईच्छुक छथर जोरपाटी गाउँपालिका भित्र स्थाई वसोवास गर्ने विगत २ आर्थिक वर्ष भित्र सरकारी सोहि प्रकृतिको नगद वा जिन्सी अनुदान कार्यक्रममा सहभागी नभएका वेरोजगार, अर्ध वेरोजगार युवाहरुवाट दरखास्त आव्हानको लागि यो सुचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले २१औं दिनको १२.०० वजेभित्र तोकीएको ढाँचा अनुसारको आवेदन फारम सम्वन्धित शाखामा राजस्व वापत रु. ३००। को रसिद काटी दरखास्त पेश गर्नु पर्नेछ । म्याद नाघी वा रित नपुगी दर्ता हुन आएका प्रस्तावहरु माथि कुनै कार्यावाही गरिने छैन । प्राप्त प्रस्तावहरुलाई **मत्स्य उत्पादन कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०७६** मा उल्लेख भएको मुल्याङ्कनका आधारहरुमा मूल्याङ्कन गरी प्रतिस्पर्धात्मक पद्धतिद्धारा सम्वन्धित कृषक, फार्म, सहकारी, समुहहरुलाई पशुपंन्छि शाखाको स्वीकृत वजेट परिधिभित्र रही अनुदान रकम उपलव्ध गराईने व्यहोरा जानाकारी गराइन्छ । पुनस्च: कार्यविधिमा उल्लेख भए मुताविकको आवेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्नुहुन समेत यसै सूचना द्धारा सूचित गरीन्छ ।

तपसिल :

१. अनुसूची -२ अनुसारको प्रस्ताव आवेदन ।

२. अनुसूची -३ संक्षिप्त व्यवसायीक कार्ययोजना ।

३. अनुसूची -४ वमोजिमको लागत साझेदारी प्रतिवद्धता ।

४. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी ।

५. वडा कार्यालयको सिफारीस ।

६. अन्य प्रमाणित प्रमाण पत्रहरु (व्यवसाय दर्ता, फार्म दर्ता, कर चुक्ता, सम्वन्धीत विषयको तालिम, शैक्षिक योग्यता, भाडाका जग्गा भए भाडाको सम्झौता पत्र आदि) प्रतिलिपीहरु ।

**संचालनहुने कार्यक्रम विवरण :**

| क्र.सं. | विवरण | लक्ष (संख्या) | अधिकतम अनुदान रकम | कैफियत |
|---|---|---|---|---|
| १ | नयाँ मत्स्य पोखरी निर्माण कार्यक्रम | २० | २०,०००। | |
| २ | माछा भुरा वितरण कार्यक्रम (५० प्रतिशत अनुदान साझेदारी, के.जी.) | २०० | १ लाख | |

विस्तृत जानाकारीको लागी छथर जोरपाटी गाउँपालिकाको कार्यालय, पशुपंन्छि शाखा वा गाउँपालिकाको Website: http://chhatharjorpatimun.gov.np/ हेर्नुहुन वा फोन नं. ०२६४०४१९९ मा सम्पर्क गर्नुहुन अनुरोधछ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

☎ ०२६ ४०४१९९

# छथर जोरपाटी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### पशुपंन्छि शाखा
जोरपाटी, धनकुटा,१नं.प्रदेश,नेपाल

**एकिकृत दुग्ध उत्पादन प्रबर्दन कार्यक्रम (दुधको वजारीकरण र डेरी पकेट क्षेत्र)मा सहभागीता हुन प्रस्ताव आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७६।०९।१६**

उन्नत जातका गाई भैसी पालन भएका डेरी पकेट क्षेत्रहरुमा दुध उत्पादन प्रवर्द्धन गरी उत्पादित दुधको विविधिकरण र बजारीकरण गर्न साझेदारीको अवधारणा अनुरुप विगत २ आर्थिक वर्ष भित्र सरकारी सोहि प्रकृतिको अनुदान कार्यक्रममा सहभागी नभएका निजि उद्यमी, दुग्ध उत्पादक व्यवसायी, दुग्ध सहकारी संस्थाहरु वाट आवेदनका लागी यो सूचना प्रकाशन गरिएको छ । छथर जोरपाटी गाँउपालिका अर्न्तगत रहेका ईच्छुक संस्थाहरुले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३०औं दिनको १२.०० वजे भित्र तोकीएको ढाँचा अनुसारको आवेदन फारम सम्वन्धित शाखामा राजस्व वापत रु.१०००। को रसिद काटी सिलवन्दी दरखास्त पेश गर्नु होला । म्याद नाघी वा रित नपुगी दर्ता हुन आएका प्रस्तावहरु माथि कुनै कार्यावाही गरिने छैन । प्राप्त प्रस्तावहरुलाई पशुपंन्छि शाखा अर्न्तगत संचालित "मध्य पहाडी लोक मार्ग तथा हुलाकी मार्गका बजार लक्षित एकिकृत दुग्ध उत्पादन प्रबर्द्धन कार्यक्रम संचालन कार्यविधि २०७४, मा उल्लेख भएको मुल्याङ्कनका आधारहरुमा मूल्याङ्कन गरी प्रतिस्पर्धात्मक पद्धतिद्धारा सम्वन्धित आवेदक संस्थाहरुलाई शाखाको स्वीकृत वजेट परिधिभित्र रही अनुदान रकम उपलव्ध गराईने व्यहोरा जानाकारी गराईन्छ । पुनस्चः कार्यविधिमा उल्लेख भए मुताविकको आवेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्नुहुन समेत यसै सूचना द्धारा सूचित गरीन्छ ।

**तपसिल :**

१. अनुसूची ३ (क) वा (ख) अनुसारको निवेदन र संक्षिप्त कार्ययोजना ।
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी (संचालक वा अध्यक्षको मात्र) ।
३. सम्बन्धीत निकायमा संस्था, फार्म दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी ।
४. सहकारी संस्था, सयुक्त कम्पनी भए कार्यक्रम संचालन गर्ने प्रतिवद्धता साथ निर्णयको प्रतिलिपी ।
५. संस्थामा आवद्ध सदस्यहरुले प्राप्त गरेका विषयगत ७ दिन भन्दा लामो अवधिको तालिम प्रमाण-पत्र, शैक्षिक योग्यता, जग्गा भाडा संझौता) आदिका प्रतिलिपीहरु ।
६. वडा कार्यालयको सिफारीस ।

**संचालनहुने कार्यक्रम विवरण :**

| क.सं. | विवरण | लक्ष (संख्या) | अधिकतम अनुदान रकम | कैफियत |
|---|---|---|---|---|
| १ | मध्य पहाडी लोकमार्ग तथा हुलाकी मार्ग लक्षित दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रम (डेरी पकेट क्षेत्र विस्तार) | २ | १ लाख | |
| २ | एकिकृत दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रम (दुधको वजारीकरण) | २ | १ लाख | |

विस्तृत जानाकारीको लागी छथर जोरपाटी गाउँपालिकाको कार्यालय, पशुपंन्छि शाखा वा गाउँपालिकाको Website: http://chhatharjorpatimun.gov.np/ हेर्नुहुन वा फोन नं. ०२६४०४१९९ मा सम्पर्क गर्नुहुन अनुरोधछ ।

प्रमुख प्रशासकीय अधिकृत